मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली,रामेछाप
वागमति प्रदेश,नेपाल

फोन.नः ०४८-५४०११२
०४८-५४०५९८

प.सं: २०८२।०८३
च.न

**कार्यक्रम संचालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।**

**प्रथम पटक सूचना प्रकाशितमितिः** २०८२/०७/२६

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट मिति २०८२/०६/२६ को प्रत्र र स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम सन्चालन कार्यविधि २०८२ बमोजिम राष्ट्रिय महिला सशक्तिकरण परियोजना अन्तगर्त जीविकोपार्जन सुधार कार्यक्रम संचालन गर्नको लागि ईच्छुक संस्थाहरुले निम्न लिखित कागजात सहित यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र प्रस्ताव पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

**१. प्रस्ताव पेश गर्ने संस्थाको योग्यता:**

(क) प्रचलित कानून बमोजिम दर्ता र नविकरण भएको,

(ख) प्रत्येक वर्ष लेखापरीक्षण सम्पन्न गरी सोको प्रतिवेदन तयार भएको,

(ग) प्रचलित कानुन बमोजिम अयोग्य नरहेको,

(घ) कार्यक्रम सन्चालनको प्रस्ताव आह्वानको सूचना प्रकाशन हुनु अगावै प्रचलित कानून बमोजिम संस्था दर्ता भई कार्य सन्चालन गरिरहेकाले मात्र प्रस्ताव पेश गर्न सक्नेछन।

(ङ) संस्थाले लक्षित महिलाहरुलाई सीप तथा व्यावसायिक विकास तालिम प्रदान गरी व्यक्तिगत वा सामूहिक रुपमा आयआर्जन हुने व्यवसाय सन्चालन गर्ने गरी प्रस्ताव पेश गर्नुपर्नेछ।

(च) संस्था/स्थानीय तहले व्यवसायको प्रकृति हेरी दफा १२ मा उल्लेख भए बमोजिमका पच्चीस जना लक्षित महिलालाई सहभागी गराई कम्तीमा पाँच दिने तालिम प्रदान गर्ने गरी व्यवसायिक योजना पेश गर्नुपर्नेछ। सन्चालन गरिने तालिम अवधि बढाउन सक्नेछ।

(छ) उप दफा (४) बमोजिम थप हुने अवधिका लागि श्रोत खुलाई सोको सुनिश्चितताको यथार्थ विवरण दोहोरो नपर्ने गरी प्रस्ताव साथ पेश गर्नु पर्नेछ।

(ज) सस्था/स्थानीय तहले तालिम कार्यक्रमको कार्यतालिकामा सीप तथा व्यावसायिक विकासका सत्रहरु अनिवार्य रुपमा समावेश गरी तालिमको अवधि विषय विधि र अन्य सत्रहरु समेत खुलाई पेश गर्नु पर्नेछ।

**२. प्रस्तावमा राख्नुपर्ने कागजातहरू:**

(१) प्रकाशित सूचनामा तोकिएको अवधि भित्र संस्थाद्वारा कार्यक्रमको अवधारणापत्र र व्यवसायिक कार्ययोजना सहितको प्रस्ताव अनुसूची-४ बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय तहमा पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्दा देहायको विवरण खुलाई कागजात समेत संलग्न गरेको हुनुपर्दछः-

(क) संस्थाको विधान वा उद्देश्य, परिचय, कार्यसन्चालन प्रक्रिया, भौतिक तथा वित्तीय श्रोत सम्बन्धी विवरण,

(ख) प्रस्तावित व्यवसायको अवधारणा पत्र, व्यवसायको क्षेत्र, तालिम अवधि र श्रोत परिचालन सहितको व्यवसायिक योजनाको विवरण,

(ग) प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,

(घ) अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाण पत्रको प्रतिलिपि तथा लेखापरीक्षण प्रतिवेदन,

(ङ) प्रस्तावित कार्यक्रममा संस्थाद्वारा गरिने योगदानको अंश, अन्य निकायबाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारीको श्रोत सहितको यथार्थ विवरण,

(च) कालोसूचीमा नपरेको र प्रचलित कानुन बमोजिम अयोग्य नरहेको स्वःघोषणा पत्र,

(छ) संस्थाले तालिममा सहभागी भएका लक्षित महिलाका लागि अनुसूची-५ बमोजिमको ढाँचामा कृषि, पशुपालन तथा उत्पादनमुलक क्षेत्र, पर्यटन तथा आतिथ्यता क्षेत्र र गैह कृषि क्षेत्र मध्ये एउटा क्षेत्र छनौट गरी व्यवसायिक योजना पेश गर्नु पर्नेछ।

(ज) व्यावसायिक योजना पेश गर्दा तालिम प्रदायक संस्था/स्थानीय तहले दफा १२ मा उल्लेख भएका लक्षित समुदायका महिलाको आयआर्जन, जीविकोपार्जन सुधार तथा आर्थिक सशक्तीकरण हुने कार्यान्वयन कार्ययोजना समेत संलग्न गरी प्रस्ताव पेश गर्नु पर्नेछ।

**३. संस्थाले पेश गर्ने प्रस्तावको ढाँचा**

स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम सन्चालन कार्यविधि, २०८२ बमोजिम हुनुपर्नेछ।

देवर्षि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत